# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६

**सिलबन्दि दरभाउ आव्हानको सूचना**

**(दोस्रो पटक प्रकाशित मिति :- २०७७/०७/१९)**

चालू आ.व. २०७७/०७८ मा यस कार्यालयको लागि आवश्यक तपसिल बमोजिमका सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबट इजाजत प्राप्त इच्छुक अधिकृत विक्रेता वा फर्महरुबाट देहायका शर्तहरुको अधीनमा रही रितपूर्वकको दररेट पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | बोलपत्रको विवरण | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रु. | कैफियत |
|---|---|---|---|---|
| १. | **सेनिटरी प्याड खरिद**<br>ठेक्का नं. CJM/GOODS/SBQ/०४/०७७/०७८ (खरिद गर्नुपर्ने सेनिटरी प्याडहरु नेपाल सरकारबाट स्वीकृत सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ को उपदफा (४) सँग सम्बन्धित अनुसूची १ मा उल्लेखित सेनिटरी प्याडको न्यूनतम मापदण्ड र ऐ कार्यविधिको दफा २० को उपदफा (२) सँग सम्बन्धित अनुसूची २ मा उल्लेखित स्थानीयस्तरमा उत्पादित सेनिटरी प्याडको न्यूनतम मापदण्ड अनुरुप हुनुपर्नेछ । कार्यविधि नगरपालिकाको वेवसाइट www.chaurjaharimun.gov.np मा यसै सूचनासाथ राखिएको छ ।) | १०००/- | ५०,०००/- | बोलपत्र दस्तुर नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, चौरजहारीमा रहेको आन्तरिक राजश्व खाता नं. ४३३०१००३०१०३०००२ र बोलपत्र जमानत ४३३०१००३०३०००००२ मा जम्मा गर्न सकिनेछ ।) |
| २. | **कापी खरिद**<br>ठेक्का नं. CJM/GOODS/SBQ/०३/०७७/०७८, (Size - 9.5*7, कक्षा (१-३) को लागि English copy, Math copy & Nepali copy गरी तीन प्रकारको र कक्षा (४-५) को लागि Science copy & Nepali copy गरी दुई प्रकारको कापीहरु उपलब्ध गराउनु पर्नेछ । कापीको cover page, design, color र नमूना ढाँचा नगरपालिकाबाट उपलब्ध हुनेछ । कापीको कभर 200 gm with lamination , भित्रि पाना 60 gm र पाना सङ्ख्या ११२ हुनुपर्नेछ । पाना गुणस्तरिय, लेख्दा सजिलो हुने र नफुल्ने हुनुपर्नेछ । कम्तिमा २७००० गोटा कापी उपलब्ध गराउनु पर्नेछ । सम्झौता भएको मितिले ३० दिनभित्र कापी नगरपालिकामा उपलब्ध गराई सक्नुपर्नेछ ।) | १०००/- | ५०,०००/- | |

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६

१. सूचना प्रकाशन भएको मितिले २०७७।०७।२५ गते साँझ ४:०० बजे भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गरि मिति २०७७।०७।२६ गते मध्यान्ह १२:०० बजे भित्र इच्छुक फर्म/कम्पनीले नेपाल सरकारबाट इजाजत प्राप्त प्रमाणपत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र र आ.व. २०७६/०७७ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, कालो सुचीमा नपरेको स्वयं घोषणापत्र, मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र, नगरपालिकाभित्रको भए नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाणपत्र संलग्न गरी रु. १०।०० को टिकट टाँसी कार्यालय समयमा यस नगरपालिकाको कार्यालय, चौरजहारी रुकुम (पश्चिम) मा दररेट सहित आवेदन पेश गर्न सकिनेछ ।

२. प्राप्त दररेटमाथि आवश्यक छानविन गरी उल्लेखित कार्य गर्न योग्य फर्म वा कम्पनी छनौट गरिनेछ ।

३. दररेट स्विकृत भएमा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको नाममा रहेको धरौटी खातामा कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) बापतको रकम जम्मा गर्नुपर्नेछ ।

४. दररेट अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

५. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको दररेट उपर कुनै कारवाही हुने छैन् ।

६. प्रचलित ऐन, नियमानुसार लाग्ने सम्पूर्ण कर सम्बन्धित दररेट पेश गर्नेले नै व्यहोर्नु पर्नेछ ।

७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दररेट स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहित हुनेछ ।

८. उपलब्ध गराउनु पर्ने सेनिटरी प्याड तथा कापी यस कार्यालयले निर्धारण गरेको स्पेशिफिकेशन बमोजिम हुनुपर्नेछ ।

९. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन नियमानुसार हुनेछ ।

१०. विस्तृत जानकारीको लागि सम्पर्क नं. ०८८-४०११४६ वा ९८५७८२६१११ मा सम्पर्क राख्न सकिनेछ ।

रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner